# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महेन्द्रनगर, धनुषा
### मधेश प्रदेश, नेपाल

क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिका को कार्यालय महेन्द्रनगर, धनुषा मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

**विषय : विद्यालय कक्षा थप तथा स्थानान्तरण सम्बन्धि सूचना !**

**(सूचना प्रकाशन मिति : २०८१।१०।२५)**

प्रस्तुत विषयका सम्वन्धमा यस क्षीरेश्वरनाथ नगरपालिका क्षेत्र भित्र संचालित विद्यालयहरुले शैक्षिक सत्र २०८२ मा कक्षा थप गर्न चाहेमा वा विद्यालय स्थानान्तरण गर्न चाहेमा नगर शिक्षा ऐन २०७५ को परिच्छेद २ को नियम ४ बमोजिम भौतिक पूर्वाधार पुरा गरी तोकिएको ढाँचामा देहायका कागजातहरु सहित मिति २०८१/११/१० गते भित्र तोकिएका कागजातहरुको प्रतिलिपी प्रमाणित सहित निवेदन दिनु हुन सम्वन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नयाँ निजी विद्यालय संचालनको अनुमति दिने व्यवस्था नगर शिक्षा समितिको मिति २०८०।०९।२२ गतेको निर्णयानुसार हाललाई बन्द गरिएको व्यहोरा समेत अनुरोध छ ।

**तपसिल**

**(क) कक्षा थपको लागि :**

१. तोकिएको ढाँचाको निवेदन,
२. सम्वन्धित वडा कार्यालयको सिफारिस,
३. नजिकको समान तहको दुई ओटा सामुदायिक विद्यालयहरुको कक्षा संचालनका लागि सहमति पत्र,
४. विद्यालय व्यवस्थापन समितिको निर्णय,
५. हाल संचालित कक्षा र कक्षा १ संचालन अनुमति पत्र,
६. विद्यालयको विधान,
७. विद्यालय पहिचान हुने गरी तयार गरेको शैक्षिक नक्सा,
८. संचालक/व्यवस्थापक तथा शिक्षकहरुको नेपाली नागरिकताको प्रमाणपत्र, नियुक्ति पत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु (नियमानुसार),
९. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी,
१०. विद्यालयको सामाजिक परीक्षणको प्रतिवेदनको प्रतिलीपी,
११. विद्यालय सुधार योजना २०८१,
१२. भाडाको जग्गामा निर्मित घरमा विद्यालय संचालन गरेको भए सम्झौता पत्रको प्रमाणित प्रतिलिपी र घर बहाल कर तिरेको भौचरको प्रतिलिपी,
१३. आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलीपी,
१४. विद्यालयको स्थायी लेखा नम्बरको प्रतिलिपी,
१५. शैक्षिक सत्र २०८१ मा भर्ना भएका विद्यार्थीहरुको IEMIS नम्वर सहितको कक्षागत नामावली,
१६. निजी/संस्थागत विद्यालयको हकमा चालु आर्थिक वर्ष २०८१।०८२ मा विद्यालय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी प्रमाणित,
१७. कक्षा थपका लागि नगरपालिकाले तोके वमोजिम राजश्व तिरेको रसिद,
१८. विद्यालयले लिएको कक्षागत शुल्क विवरण २०८१,
१९. प्रचलित कानुन अनुसार शैक्षिक सत्र २०८१ मा विद्यालयले वितरण गरेको छात्रवृत्ति विवरण र
२०. अन्य कागजातहरु ।

**(ख) विद्यालय स्थानान्तरणका लागि :**

१. तोकिएको ढाँचाको निवेदन,
२. विद्यालय संचालन अनुमति पत्र (सक्कल),
३. विद्यालय ठाउँसारीका लागि प्रचलित कम्पनी ऐन अनुसारका आवश्यक कागजातहरुका प्रतिलिपी प्रमाणित,
४. वडा कार्यालय तथा सम्वन्धित नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाईको विद्यालय स्थानान्तरण सिफारिस (छाड्ने र आउने दुवै तर्फको),
५. खण्ड (क) को बुँदा नं. ४, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १८ र १९ बमोजिमका कागजातहरु,

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय महेन्द्रनगर, धनुषा मधेश प्रदेश, नेपाल

६. नाम तथा ठेगाना परीवर्तन सहित स्थानान्तरणका लागि आउन चाहने विद्यालयहरुले साविक विद्यालयको नगरपालिकामा व्यवसाय दर्ताको नविकरण सहितको प्रमाणपत्र, सूचना प्रकाशन गरेको प्रमाणित हुने कागजात, विद्यालयको विद्यान तथा लेखापरीक्षण प्रतिवेदनहरु,
७. विद्यालय स्थानान्तरणका लागि नगरपालिकाले तोके वमोजिम राजश्व तिरेको रसिद र
८. अन्य कागजातहरु ।

.....................................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सुचना तथा प्रविधि शाखा - सूचना वेव साइटमा अपलोड गरिदिनु हुन् ।